संघीय संसद

प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या - ४

# दैनिक कार्यसूची

२०८१ जेठ ४ गते, शुक्रबार

विहान ११:०० बजे

## (सम्भावित)

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न माननीय सदस्यहरुको मनोनयन गर्नुहुने ।

### टेबुल गरिने

३. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्माननीय राष्ट्रपतिले गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्नुहुने ।

### धन्यवाद प्रस्ताव

४. सम्माननीय सभामुखले निम्नलिखित धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुहुने :-

*"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८१ जेठ १ गते मंगलबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"*

### अध्यादेश पेश

५. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

### सम्झौता अनुमोदन

६. माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतलेः-

(क) "अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ एस ए) को स्थापनासँग सम्बन्धित सम्झौता (Framework Agreement on the establishment of the International Solar Alliance (ISA)) को प्रावधानमाथी सदनमा छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ एस ए) को स्थापनासँग सम्बन्धित सम्झौता (Framework Agreement on the establishment of the International Solar Alliance (ISA)) लाई अनुमोदन गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

पद्म प्रसाद पाण्डेय

महासचिव